बैठक संख्याः १०८

मिति २०८२ चैत्र ३० गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहादुर बहेक क्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री हरिश चन्द्र जोशी | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं:५ सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०८१ को दफा ६२(३) बमोजिम यस नगरपालिकामा कार्यरत करारका कर्मचारीहरु सेवाबाट अलग भए पश्चात नियमानुसार पाउने उपदान लगायतका सेवा सुविधाहरुका सम्बन्धमा आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं:६ Choice Humanitarian Nepal नामक गै.स.स.ले पेश गरेको देहाय अनुसारको बजेट तथा कार्यक्रमहरु यस नगरपालिकाको आगामी आ.व. २०८३/०८४ बजेट तथा कार्यक्रममा समावेश गर्न यस कार्यालयमा पेश भएका तपसिल अनुसारका योजनाहरु यसै आ.व.२०८२/०८३ मा संचालन गरिदिहुन अनुरोध गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स. | परियोजना | स्थान | रकम |
|---|---|---|---|
| १ | Rastriya basic school Renovation | Dodhara Chandani | 1500000 |
| २ | Laxmi Secondary School | Dodhara Chandani-7 | 700000 |
| ३ | Dodhara Chandani Municipal Hospital | Dodhara Chandani-6 | 3000000 |
| ४ | Chandani Health Post Birthing Centre | Dodhara Chandani-4 | 3500000 |

निर्णय नं:७ यस नगरपालिकाका नगर प्रहरीहरुका लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु.५००००/-को परिधि भित्र रहि विपद व्यवस्थापन सम्बन्धी पुर्नताजगी तालिम संचालन गर्ने निर्णय गरियो।

निर्णय नं:८ ADB को आर्थिक सहयोगमा भिमदत्त नगरपालिका क्षेत्र भित्रका विभिन्न १९ वटा वडा सडक स्तरोन्नति गर्ने कार्यका लागि क्षेत्रीय शहरी विकास आयोजना, आयोजना कार्यान्वयन ईकाई, धनगढी कैलाली र TC-KKC JV बसुन्धरा काठमाण्डौं संग सम्झौता भए अनुसार Construction and Rehabilitation of Road and Drainage Footpath and Road Furniture in Bheemdatt Municipality Contact ID(Package II) RUDP/NCB/KC/BD/RD/PII/01 जम्मा ८.१३ कि.मी. सडक र १४ कि.मी. ढलको हाल निर्माण कार्य संचालन भईरहेको छ। उक्त आयोजना सम्पन्न हुने समय १५ महिना रहेकोले उक्त निर्माण कार्यमा आवश्यक क्रसरबाट उत्पादित नदिजन्य पदार्थका लागि अस्थायी क्रसर जडान गर्न क्षेत्रीय शहरी विकास आयोजना आयोजना कार्यान्वयन ईकाइ धनगढी कैलाली, भिमदत्त नगरपालिका र सम्बन्धित निर्माण व्यवसायीबाट यस दोधारा चादनी नगरपालिका वडा नं.०१मा अस्थायी रुपमा रहेको बासुलिङ्ग अनिल कन्सट्रक्सन प्रा.ली को क्रसरबाट उत्पादन गर्न पाउ भनि यस कार्यालयमा निवेदन पेश गरेको र उक्त अस्थायी क्रसर संचालकले पनि तोकिएको परिमाणमा सामाग्री उपलब्ध गरिपाउ भनि निवेदन पेश गरेकोले तोकिएको राजश्व तिरि १५ महिनाका लागि तपसिल बमोजिमको परिमाणमा सामाग्री उत्पादन गर्ने गरी अस्थायी क्रसर संचालन गर्न अनुमति प्रदान गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

तपसिल:

१.२० mm गिट्टी =९८१० घ.मी.

२. बालुवा= ६२१० घ.मी.

३. बेस १०१०० घ.मी.

४. १६ mm गिट्टी= १०३२ घ.मी.

५. चिप्स =८८४ घ.मी.

६. डस्ट = १०३२ घ.मी.

निर्णय नं:९ यस नगरपालिकाको आगामी आ.व.२०८३/०८४ का लागि नगर विकास योजना तर्जुमा गर्ने सम्बन्धमा वडा स्तरीय टोल तथा बस्ती तहका योजना छनौट गरी बैशाख मसान्त भित्र नगरपालिकामा पेश गर्न १० वटै वडाहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं:१ प्रदेश नीति तथा योजना आयोग सुदूरपश्चिम प्रदेश धनगढी कैलालीद्वारा प्रदेश समपुरक अनुदान र विशेष अनुदान अन्तरगत आ.व.२०८३/०८४ मा संचालन गरिने आयोजनाका लागि प्रस्ताव सम्बन्धी मिति २०८२/१२/१९ गते प्रकाशित सूचना बमोजिम यस नगरपालिका अन्तरगत संचालन गरिने देहाय बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो।

क.समपुरक अनुदान तर्फः

| प्राथमिकता नं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | पुष्प सिंहको घर हुदै सुखेती टोल हुदै वीर चन्दको घरतर्फ रिङ्ग रोड सडक कालोपत्रे (नयाँ) | ४ |
| २ | सृजना चन्दको घरदेखि स्वास्थ्य भवन हुदै सृजना आ.वि.सम्म सडक कालोपत्रे (नयाँ) | ९ |
| ३ | भिम लिम्बुको घरदेखी संसारीमाई पिकनिक स्पोट हुदै डकनाघाट सम्म सडक कालोपत्रे (नयाँ) | ७ |

ख.विशेष अनुदान तर्फः

| प्राथमिकता नं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | कृषक समुहहरुका लागि सिचाई मोटर बोर कार्यक्रम (नयाँ) | ५ |
| २ | कृषक समुहहरुका लागि सिचाई मोटर बोर (नयाँ) | १ देखि ५ सम्म |
| ३ | कृषक समुहहरुका लागि सिचाई मोटर बोर (नयाँ) | ६ देखि १० सम्म |

निर्णय नं:२ चालु आ.व.२०८२/०८३ मा यस नगरपालिका अन्तरगत प्रदेश नीति तथा योजना आयोग सुदूरपश्चिम प्रदेश धनगढी कैलालीबाट समपुरक तथा विषेश अनुदान तर्फ स्वीकृत भएका तपसिलका योजना चालु आ.व.भित्रै सम्पन्न हुने भएकोले उक्त योजनाका लागि बजेट माग नगर्ने निर्णय गरियो।

१. कृषक समुहहरुका लागि सिचाई मोटर बोर कार्यक्रम वडा नं.१० (विषेश अनुदान)
२. कृषक समुहहरुका लागि सिचाई मोटर बोर कार्यक्रम वडा नं.०९ (विषेश अनुदान)
३. थलाल टोल र मर्माल टोल रिङ्ग रोड सडक कालोपत्रे वडा नं.०४ (समपुरक अनुदान)

निर्णय नं:३ यस नगरपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमको सवारी चालक पद करारमा पदपूर्ति गर्नका लागि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो।

तपसिलः

| क.सं. | पद | आवश्यक संख्या |
|---|---|---|
| १ | टिप्पर चालक | १ |

निर्णय नं:४ यस नगरपालिका अन्तरगत रहेका दुईवटा ब्याकहो लोडर मध्ये एउटा ब्याकहो लोडरमा अपरेटर कार्यरत रहेको र आर्को ब्याकहो लोडरमा अपरेटर नभएको हुदा विगत वर्षहरुदेखि ब्याकहो लोडरमा हेल्परका रुपमा कार्यरत मोहन बहादुर बम संग ब्याकहोलोडर चालक अनुमति पत्र भएको तथा निजले कुशलताका साथ अपरेट गर्न सक्ने भएको हुदाँ निजले हाल खाईपाई आएको मासिक पारिश्रमिकमा मासिका रु.२०००/- अक्षरुपी दुई हजार मात्र थप गरि ब्याकहो लोडर अपरेट गर्न जिम्मा दिने निर्णय गरियो।